# सिस्ने गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश, नेपाल

# आ.व. २०७७।०७८ का लागि ढुंगा, गिट्टी बालुवा लगायतका नदिजन्य पदार्थको कर तथा शुल्क संकलनको ठेक्का सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०७।२६ गते

आर्थिक वर्ष २०७७।७८ मा स्वीकृत प्राम्भिक वातावरणीय मूल्याङ्कन (IEE) प्रतिवेदन तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को घ (६) उपदफा (४) ञ तथा सोहि ऐनको दफा ६४ को उपदफा (१) को च मा व्यवस्था भए बमोजिम सिस्ने गाउँपालिकाको क्षेत्रभित्रबाट भई आन्तरिक खपत तथा अन्य स्थानीय तह निकासी पैठारीका लागि ढुङ्गा, गिट्टी, बालुवामा आर्थिक वर्ष २०७७।०७८ का लागि आन्तरिक आयसम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तोकिएको दररेटमा तपसिल बमोजिमको विवरण र शर्तहरुको अधीनमा रही कर दस्तुर शुल्क संकलन गर्नका लागि ठेक्का लिन इच्छुक फर्म, कम्पनी वा व्यक्तिबाट तोकिएको न्युनतम अङ्कमा नघट्ने गरी यस कार्यालयबाट जारी गरिएको बोलपत्र खरिद गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| बोलपत्र/ ठेक्का नं. | नदिजन्य सामाग्री, कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु (मु.अ.क बाहेक) | बोलपत्र फारम दस्तुर | संकलन गर्न पाउने अधिकतम परिमाण |
|---|---|---|---|---|
| ०१/२०७७/७८-SRM | स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) मा उल्लेख भएबमोजिम सिस्ने गाउँपालिका भित्र पर्ने सानीभेरी नदीका निम्न क्षेत्रहरु भलखोलादेखि बोजेरीसम्म दक्षिण तपर्फको भाग, रेवतखोलादेखि बालुवासम्म नदीको दुवैतर्फ र बालुवादेखि देउखोलासम्म उत्तरतर्फ | १८,००,०००।- (अठार लाख) | रु ३,००० | २३,७९० घ. मी. |

शर्तहरु

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले मु.अ.क दर्ता प्रमाणपत्र, आ.व २०७७।०७८ सम्मको फर्म नविकरण आ.व २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र पेश गरी सूचना प्रकाशन भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र यसै कार्यालयबाट वा नेपाल बैंक लिमिटेड रुकुमकोट शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता नं. १८९०३०००००१००१००००१ मा बोलपत्र खरिद दस्तुर गरी १६ औं दिनको दिउँसो १२:०० बजेभित्र कार्यालयमा पेश गरिसक्नु पर्नेछ। रितपूर्वक कार्यालयमा पेश भएका बोलपत्रहरु १६ औं दिनको दिउँसो ४:०० बजे लेखिनेछ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद एवं दाखिला गर्न अन्तिम दिन सार्वजनिक विदाको दिन परेमा सो लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

२. बोलपत्र फाराम साथ धरौटी बापत मूल्य अभिवृद्धि करसमेत कूल कबोल अंकको ५ (पाँच) प्रतिशतले हुने रकम जमानतस्वरुप यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड रुकुमकोट शाखामा रहेको धरौटी खाता नं. १८९०३०००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

३. आ.व. २०७७।०७८ का लागि कर संकलन अवधि सम्झौतामा उल्लेख भएको मितिदेखि २०७८ जेठ मसान्तसम्मको हुनेछ।

४. बोलपत्रदाताले नेपाल सरकारको प्रचलित कानून लुम्बिनी प्रदेश कानून तथा सिस्ने गाउँपालिकाबाट जारी भएका स्थानीय कानूनहरुको परिपालना गर्नुपर्नेछ।

५. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको थप छुट, मिनाहा माफी दिइने छैन।

६. कुल कवोल अंकलाई २ किस्तामा कायम गरिनेछ। पहिलो किस्ता बापत कुल कबोल अंकको ५०% प्रतिशत रकम सम्झौता हुनु अगावै र बाँकी अन्तिम औचित्य हेरी कवोल अंकको मूल्य अभिवृद्धि करबाहेकको १०% सम्म छुट दिन सकिनेछ।

७. बोलपत्रमा कवोल रकम अंक र अक्षर दुवैमा स्पष्ट र अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएमा केरमेट भएको ठाउँमा अनिवार्य रुपमा हस्ताक्षर गरेको हुनुपर्नेछ।

८. यस कार्यालयको छाप र प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन।

९. म्याद नाघेका रित नपुगेका बोलपत्र फाराम उपर कुनै कारवाही हुनै छैन। कार्यालयलाई सेवा शुल्क वा कर तिर्न बुझाउन बाँकी भएका फर्म, कम्पनी वा व्यक्तिले बोलपत्रमा प्रक्रियामा भाग लिन पाउने छैन।

१०. यस सूचनामा उल्लेखित शर्तहरुका अतिरिक्त सम्झौतापत्रमा उल्लेख भए बमोजिमका शर्तहरु र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

११. यस गाउँपालिकाको हितलाई मध्यनजर गर्दै बोलपत्र स्वीकृत गर्न वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्न वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. थप जानकारीका लागि कार्यालयको फोन नं. ०८८-४१३०६४ मा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**